नेपाल सरकार

उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय

जल तथा मौसम विज्ञान विभाग

बाढी पूर्वानुमान महाशाखा

## बाढी पूर्वानुमान बुलेटिन (Flood Forecast Bulletin)

### (जारी मिति: २०७७-०४-३२ गते बिहान ०७ बजे)

**नदीहरुको हालको अवस्था (Present River Status)**

आज बिहानको मापन अनुसार कोशी, नारायणी, पश्चिम राप्ती, कर्णाली नदीमा बहाव बढ्दो क्रममा छ तथा सबैमा बहाव सतर्कता तह भन्दा तलै छ।

**बाढी पूर्वानुमान (Flood Forecast)**

**पूर्वानुमान आज : श्रावण-३२ (आइतबार) ( विहान ७ बजे देखि २४ घण्टा)**

- आज कोशी, नारायणी, कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाब सामान्य घटबढ हुने तथा सतर्कता भन्दा तलै हुने । **आज नारायणी,कर्णाली र यसका सहायक नदीमा बहाब घटबढ हुने तर सतर्कता भन्दा केहि मात्र तल हुने ।**
- आज कन्काई, कमला, बागमती, पश्चिम राप्ती, बबई लगायतमा पनि बहाब सामान्य घटबढ हुने तथा सतर्कता भन्दा तलै हुने ।
- आज संखुवासभा, ओखलढुङ्गा, **रामेछाप, दोलखा**, सिन्धुली, काभ्रेपलान्चोक, **काठमाडौँ उपत्यका, सिन्धुपाल्चोक, नुवाकोट, रसुवा, धादिङ**, मकवानपुर, चितवन, **गोरखा,** पाल्पा, **गुल्मी, तनहुँ, लमजुङ, स्याङ्जा, कास्की, पर्वत, बाग्लुङ, म्याग्दी,** रुकुम, रोल्पा, दाङ, सुर्खेत, सल्यान, डोटी, अछाम, कैलाली, कञ्चनपुर, डडेल्धुरा र आसपास भई बहने स-साना नदीमा बहाव केही बढ्ने तर सतर्कता भन्दा तलै हुने ।

**पूर्वानुमान भोलि: भदौ-०१ (सोमबार) ( विहान ७ बजे देखि २४ घण्टा)**

- भोली कोशी, नारायणी, कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव सामान्य घटबढ हुने तथा सतर्कता तह भन्दा तलै हुने । भोलि नारायणी, महाकाली र यसका सहायक नदीमा बहाव सामान्य बढ्ने तर सतर्कता भन्दा तलै हुने पुर्वानुमान छ ।
- भोलि कन्काई, कमला, बागमती, पश्चिम राप्ती, बबई लगायतमा पनि बहाब सामान्य घटबढ हुने तथा सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ।
- भोलि गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशको मध्यपहाडी, चुरे र तराईबाट बहने केहि स-साना नदीमा बहाव बढ्ने तर सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ ।

**पूर्वानुमान पर्सी : भदौ-०२ (मंगलबार) (विहान ७ बजे देखि २४ घण्टा)**

- पर्सी कोशी, नारायणी, कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव सामान्य घटबढ हुने तथा सतर्कता तह भन्दा तलै हुने ।
- पर्सी कन्काई, कमला, बागमती, पश्चिम राप्ती, बबई लगायतमा बहाब सामान्य घटबढ हुने तथा सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ ।
- पर्सी बागमती, गण्डकी प्रदेश र सुदूरपश्चिम प्रदेश को मध्यपहाडी, चुरे र तराई भई बहने स-साना सहायक नदीमा बहाव सामान्य बढ्ने तर सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ ।

**सरोकारवालाका लागि परामर्श (Advisory):**

- आगामी ३ दिन देशैभरका प्रमुख तथा मझौला नदीहरु कन्काई,कोशी, कमला, बागमती, नारायणी, पश्चिम राप्ती, बबई, कर्णाली,महाकाली र यसका सहायक नदीमा बहाव सामान्य घटबढ हुने तथा सतर्कता भन्दा तलै हुने भएता पनि नदी तटिय क्षेत्रका कार्यहरु सतर्कता साथ गर्न हुन अनुरोध छ ।
- **आज नारायणी, कर्णाली र यसका सहायक नदीमा बहाब घटबढ हुने तर सतर्कता भन्दा केहि मात्र तल हुने** पूर्वानुमान रहेकाले तटिय क्षेत्रमा सतर्कता अपनाईराखौ ।
- आज संखुवासभा, ओखलढुङ्गा, **रामेछाप, दोलखा**, सिन्धुली, काभ्रेपलान्चोक, **काठमाडौँ उपत्यका, सिन्धुपाल्चोक, नुवाकोट, रसुवा, धादिङ,** मकवानपुर, चितवन, **गोरखा,** पाल्पा, **गुल्मी, तनहुँ, लमजुङ, स्याङ्जा, कास्की, पर्वत, बाग्लुङ, म्याग्दी,** रुकुम, रोल्पा, दाङ, सुर्खेत, सल्यान, डोटी, अछाम, कैलाली, कञ्चनपुर, डडेल्धुरा र आसपास भई बहने स-साना नदीमा बहाव केही बढ्ने तर सतर्कता भन्दा तलै हुने पूर्वानुमान रहेकोले साना नदीतटिय क्षेत्रमा सामान्य सतर्कता अपनाईराखौ ।

(*बाढी पूर्वानुमान वुलेटिन यस विभागको वेवसाइट मा समेत हेर्न सकिने छ)* विभागको फेसबुकपेज *Nepal Flood Alert* (नेपाल बाढी सुचना) हेरौं । विभागको ट्विटर पेजः *Nepal Flood Alert* (नेपाल बाढी सूचना) हेरौं ।

**नोट:** **पहेलो** रङले **मध्यम जोखिम** रहेको संकेत गर्छ । **रातो** रङले **उच्च जोखिमको** संकेत गर्छ ।

नेपाल सरकार
उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
**जल तथा मौसम विज्ञान विभाग**
**बाढी पूर्वानुमान महाशाखा**

# *Forecast References:*

1) *Real Time Ground Observation System for Rainfall (around 120 stations) and Water levels(Around 85 Stations) under Flood Forecasting Section, DHM*

   http://hydrology.gov.np/#/river_watch?_k=6oxgcv

   http://hydrology.gov.np/#/rainfall_watch?_k=407hry

2) *MFD Rainfall Forecast*

जल तथा मौसम विज्ञान विभाग
**मौसम पूर्वानुमान बुलेटिन (Weather Forecast Bulletin)**
(जारी मितिः २०७७-०४-३२, बिहान ०६:०० बजे)

**मौसम विश्लेषण (Meteorological Analysis):-**

मनसुनी न्युन चापीय रेखा हाल दक्षिण तर्फ अवस्थित छ ।बंगालको खाडीमा बनेको न्युन चापीय क्षेत्रको प्रभावका कारण जलवाष्पयुक्त हावा देशभर भित्रिएको छ।

**हालको मौसमको अवस्था (Present Weather Status):**
हाल देशभर आंसिक देखि समान्य बदली रहेको छ।

**आगामी तीन दिनको मौसम पूर्वानुमान**

<u>साउन ३२ गते (आइतबार)</u>
दिउँसो : देशभर आंसिक देखि समान्य बदली रही केहि स्थानहरुमा मेघगर्जन/चट्याङ्ग सहित हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ ।

राती : देशभर सामान्यतया बदली रही केहि स्थानहरुमा मेघगर्जन/चट्याङ्ग सहित हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ।

<u>भाद्र ०१ गते (सोमबार)</u>
दिउँसो : देशभर सामान्यतया बदली रही केही स्थानहरुमा मेघगर्जन/चट्याङ्ग सहित हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ ।


राती : देशभर सामान्यतया बदली रही धेरै स्थानहरुमा मेघगर्जन/चट्याङ्ग सहित हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ। प्रदेश ३ ,गण्डकी प्रदेश, सुदुर पश्चिम प्रदेश, प्रदेश नं ५ र कर्णाली प्रदेशका थोरै स्थानहरुमा भारी वर्षाको समेत सम्भावना रहेको छ ।

<u>भाद्र ०२ गते (मंगलबार)</u>
दिउँसो : देशभर सामान्यतया बदली रही केही स्थानहरुमा मेघगर्जन/चट्याङ्ग सहित हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ ।

राती : देशभर सामान्यतया बदली रही धेरै स्थानहरुमा मेघगर्जन/चट्याङ्ग सहित हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ। गण्डकी प्रदेश, सुदुर पश्चिम प्रदेश, प्रदेश नं ५ र कर्णाली प्रदेशका १ /२ स्थानहरुमा भारी वर्षाको समेत सम्भावना रहेको छ ।

<u>आगामी २४ घण्टाका लागि चेतावनी तथा परामर्श (Warning/Advisory for next 24 hours):</u>
देशका केहि स्थानहरुमा मेघगर्जन/चट्याङ्ग सहित हल्का देखि मध्यम वर्षाको सम्भावना रहेकोले सामान्य सतर्कता अपनाउन हुन अनुरोध छ ।

3) *RIMES Rainfall Forecast*
4) *NCMWRF Rainfall Product*
   *24 Hour Rainfall Forecast Today (9am to 9 am)*
   *24 Hour Rainfall Forecast Tomorrow (9am to 9 am)*
5) *Flood Forecast-Karnali, Babai and Narayani Basin (HEC-HMS Model)*
6) *Flood Forecast –Bagmati, Koshi and West Rapti (MIKE-11, NAM)*
7) *Probabilistic Forecast for short lead time in major river system(Based on real time observation)*
8) *GLOFAS forecast*
9) *Tethys Forecasting Platform( Stream Flow Prediction Tool and HIWAT tool for Nepal ( 7 days forecast for small rivers)*
10) *Regional Floodoutlook –Ganges-Brahmaputra Basin*
11) *SouthAsia Flash Flood Guidance System (Nepal)*




*२४ घण्टाको बर्षाको पूर्वानुमान (६-६ बजे)*

12) *Other Global Flood Forecasts*
13) *Satellite Cloud Picture*
14) *Etc…*

## थप जानकारीको लागि

- जल तथा मौसम विज्ञान विभागले हरेक दिन विहान ७ बजे तीन दिन पछि सम्मको बाढीको पूर्वानुमान गरी बाढी बुलेटिन जारी गर्दै आएको छ। उक्त बुलेटिन हेर्नको लागि विभागको वेवसाइट: लग अन गरी हेर्नसक्नुहुनेछ।
- तपाईलाई देशको कुन ठाउंमा कती वर्षा भैरहेको छ? तत्काल खतरा भन्दा माथिल्लो वर्षा भईरहेको छ वा छैन भन्ने जान्नका लागि विभागको वेवसाइट www.hydrology.gov.np मा गई Rainfall Watch बटन थिच्नुहोला।
- त्यस्तै, कुन नदीमा कती मिटर बाढी छ? बढ्दो छ कि घट्दो होला? खतरा होलाकी नहोला भन्ने जान्न चाहीं सोही वेवसाइटमै गई River Watch बटन थिच्नुहोस।
- जारी भएको बाढी बुलेटिन वा बाढी संग संबन्धीत हरेक पूर्वसूचना यस विभागको आधिकारिक ट्विटर : Nepal Flood Alert (नेपाल बाढी सूचना) र फेसबुक: Nepal Flood Alert (नेपाल बाढी सूचना) मा पनि हेर्नसक्नुहुनेछ।
- बाढी सतर्कता तह नजिक पुग्न लागेमा, सतर्कता तह पार गरेमा, खतरा तह पार गरेमा वा अन्य विषम अवस्थामा देशका मुख्य नदी जलाधारहरुमा नेपाल टेलिकम र एनसेल मार्फत बाढी बाट प्रभावित हुने सर्वसाधारणहरुलाई मोवाइलमा एस एम एस पठाइने छ।
- देशैभरका सर्वसाधारणको लागि ११५५ नंवरको टोल-फ्रि सेवा बाढी पूर्वसूचना प्रदान गर्ने उद्देश्यले मनसुनभर सञ्चालन गरिएको छ। जोकोहीले ११५५ डायल गरेर बाढी संबन्धि पूर्वसूचना लिन सक्नुहुनेछ।